# विरुवा गाउँपालिका
**BIRUWA RURAL MUNICIPALITY**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

विरुवा, स्याङ्जा
**Biruwa, Syangja**

पत्र संख्या Letter No. : २०८०।०८१
चलानी नं Ref. No.:

Gandaki Province, Nepal
गण्डकी प्रदेश, नेपाल

## सडक उपयोग मर्मत शुल्क संकलनकर्ता सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८०।०७।२२)

"स्थानीय सरकार सञ्चालन ऐन २०७४" ले दिएको अधिकार प्रयोग गरी विरुवा गाउँपालिकाले सडक उपयोग मर्मत शुल्क संकलनको लागी चालु आ ब मा तोकिएको दररेटमा अमानतमा संकलन गर्नको लागी संकलनकर्ता आवेदनको लागी ७ (सात) दिने सूचना जारी गरिएको छ । नेपाली नागरिकताको प्रतिलिपी सहित निवेदन पेश गर्न गर्नुहुन अनुरोध छ ।

<u>शर्तहरु:</u>

१) संकलन कर्ताले उल्लेखित मालबस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । सम्झौतामा उल्लेख नभएका माल बस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाउन पाइने छैन । कर उठाउन पाउने माल बस्तुको विवरण र दररेट नगदी रसिदमा उपलब्ध गराईनेछ । संकलनकर्ताले करको दर स्पष्ट देखिने गरि सूचना पार्टीमा टाँस्नु पर्नेछ । राजश्व रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको -सम्पुर्ण दायित्व कार्यालयको नै हुनेछ । उक्त कारोबार गर्दा बालश्रमको प्रयोग गर्न पाईने छैन ।

२) संकलनकर्ताले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिद कार्यालयको तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं उल्लेख गर्नु पर्नेछ । साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण हप्तामा यस कार्यालयमा बुझाउनु पर्नेछ साथै संकलन राजश्व प्रत्येक हप्तामा कार्यालयमा जम्मा गरी संकलन भएको रकमको ३० (तीस) प्रतिशत संकलनकर्ताको पारिश्रमिकको रुपमा उपलब्ध गरिनेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमनुसार कारबाही हुनेछ ।

३ । राष्ट्रिय राजमार्ग र सहायक राममार्गमा तगारो राखी कर संकलन गर्न पाइनेछैन । सरकारी वा अन्य कुनै कर शुल्क दरभाउपत्र दाता आफैले व्यहोर्नु पर्नेछ । साथै पुतली बजार न पा क्षेत्र भित्रको कर संकलन गर्न पाइने छैन ।

४) सरकारी कार्यालयबाट गरिने अमानतका कार्यहरुमा प्रयोग हुने सवारी साधनहरुमा गाउँपालिकाबाट लेखिए बमोजिम संकलनकर्ताले छुट दिनु पर्नेछ । साथै सरकारी कार्यालयका सेतो नम्बर प्लेट, कुटनैतिक नियोगका नम्बर प्लेट, संस्थानहरुका पहेलो नम्बर प्लेट, पर्यटकका हरियो प्लेट र निजी तथा सार्वजनिक स्कुलका सवारी साधनहरुमा उक्त शुल्क लिन पाइने छैन ।

५) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमनानुसार हुनेछ । साथै नेपाल सरकार र यस गाउँपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको संकलनकर्ताले पालना गर्नुपर्नेछ ।

६) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

**भेषराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**